# बुढीनन्दा राजपत्र


## बुढीनन्दा नगरपालिकाद्वारा प्रकाशित

**खण्ड ७ संख्या ३ मिति २०८० फागुन १३ गते**


## भाग १

## बुढीनन्दा नगरपालिकाको सूचना

यस बुढीनन्दा नगरपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०८० बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि यो ऐन प्रकाशन गरिएको छ;

## नगर शिक्षा ऐन, २०८०

**प्रस्तावना:** प्रत्येक नागरिकमा सहिष्णुता, सदाचार, नैतिकता र मानवीय मूल्यको प्रवर्द्धन गरी संघीय लोकतन्त्रको संस्थागत विकास, मुलुकको समृद्धि र जनहितका लागि स्थानीय, राष्ट्रिय र विश्वव्यापी आवश्यकतामा आधारित प्रतिस्पर्धी जनशक्ति

तयार गर्न यस नगरपालिकाको तहको क्षेत्र भित्र स्थापना हुने तथा स्थापना भई सञ्चालन रहेका विद्यालय तथा शैक्षिक निकायहरुको व्यवस्थापन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको अनुसूची ८ सूची नं. ८ मा उल्लिखित आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी अधिकारको कार्यान्वयन गर्न संबिधानको धारा २२६ बमोजिम र सुदूरपश्चिम प्रदेश स्थानीय तहको कानुन निर्माण प्रक्रिया ऐन २०७५ को दफा ३ उपदफा १ बमोजिम बुढीनन्दा नगर सभाले यो ऐन जारी गरेको छ।

## परिच्छेद-एक

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "**नगर शिक्षा ऐन, २०८०**" रहेको छ ।

(२) यो ऐन बुढीनन्दा नगरपालिका भर लागु हुनेछ ।

(३) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) “आधारभूत शिक्षा” भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ख) “ऐन” भन्नाले बुढीनन्दा नगरपालिका शिक्षा ऐनलाई सम्झनु पर्छ।

(ग) “कार्यपालिका” भन्नाले बुढीनन्दा नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(घ) “कोष” भन्नाले दफा ४७ बमोजिम विद्यालय सञ्चालनका लागि खडा गरिएको संचित कोषलाई सम्झनु पर्छ ।

(ङ) नगरपालिका” भन्नाले बुढीनन्दा नगरपालिकालाई सम्झनुपर्छ ।

(च) “नगर सभा” भन्नाले बुढीनन्दा नगरपालिकाको नगर सभालाई सम्झनुपर्छ ।

(छ) तोकिए वा तोकिएबमोजिम” भन्नाले यस ऐन बमोजिम

बनेको नियमावली, कार्यविधि वा निर्देशिकामा तोकेबमोजिमको व्यवस्थालाई सम्झनु पर्दछ ।

(ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(झ) "बाल शिक्षा केन्द्र" भन्नाले चार वर्ष उमेर पूरा भई पाँच बर्ष उमेर पूरा नभएका बालबालिकाको लागि खोलिएको प्रारम्भिक बाल शिक्षा केन्द्र, नर्सरी, केजी, मन्टेश्वरी आदि सम्झनु पर्छ "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौदेखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(ञ) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक दुवै शिक्षा सम्झनु पर्छ ।



बुढीनन्दा नगरपालिका

(ट) "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी समुदायको पहलमा स्थापना भई अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ।

(ठ) "व्यवस्थापन समिति" भन्नाले दफा २० बमोजिम गठन हुने विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ड) "शिक्षा अधिकृत" भन्नाले नगरपालिकाकाको शिक्षा शाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

(ढ) "शिक्षा शाखा" भन्नाले नगरपालिकामा रहेको शिक्षा हेर्ने शाखा वा इकाईलाई सम्झनु पर्छ।

(ण) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै

व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

(त) आवासीय विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी समुदायको पहलमा स्थापना भै अनुमति वा स्वीकृति प्राप्त तथा हाल नगरपालिकाले थप नियमित अनुदान दिने गरी विद्यालयमा नै बालबालिका बसी शैक्षिक क्रियाकलाप भएको विद्यालयलाई सम्झनु पर्नेछ

## परिच्छेद दुई

## शिक्षाको प्रकार, विद्यालयको वर्गीकरण, अनुमति, स्विकृति, समायोजन तथा नियमन

३. **विद्यालयको तहः** (१) विद्यालयको तह दुई प्रकारका हुनेछन्;

(क) माध्यमिक तहः कक्षा ९ देखि १२ सम्म वा सो सरह अध्यापन हुने,

(ख) आधारभूत तहः कक्षा १ देखि ८ सम्म वा सो सरह अध्ययन अध्यापन हुने, आधारभूत तह अन्तरगत कक्षा १ देखि ८ सम्म र बाल विकास केन्द्र अन्तर्गत बाल हेरचाह केन्द्र, मन्टेश्वरी, किन्डरगार्डेनहरु रहनेछन्।

४. **माध्यमिक शिक्षाको प्रकारः** (१) माध्यमिक तहको शिक्षामा देहायका प्रकारका हुनेछन्ः-

(क) साधारण माध्यमिक शिक्षा

(ख) संस्कृत माध्यमिक शिक्षा

(ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा ।

५. **शिक्षाको माध्यमः** (१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुबै भाषा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहायबमोजिम हुन सक्नेछ :-

(क) आधारभूत (कक्षा ५) सम्म मातृ भाषामा शिक्षा दिन सकिनेछ,

(ख) गैर नेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ र

(ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ,

६. **विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्थाः** नगरपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ।

७. **विद्यालयको वर्गीकरणः** अनुमति र स्वीकृतका आधारमा निम्नानुसार वर्गीकरण गरिनेछ

(क) सामुदायिक विद्यालय
(ख) संस्थागत विद्यालय
(ग) गुठी विद्यालय
(घ) धार्मिक विद्यालय
(ङ) आवासीय विद्यालय

८. **विद्यालय सञ्चालन गर्न अनुमति लिनुपर्नेः** (१) कुनै नेपाली नागरिकहरुको समुदायले सामुदायिक विद्यालय वा नेपाली नागरिकले शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई वडा समितिको सिफारिस सहित नगरपालिकामा अनुमतिको लागि निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर शिक्षा शाखाबाट आवश्यक जाँचबुझ गर्दा निर्धारित मापदण्ड पुरा भई विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा नगर शिक्षा समितिको सिफरिसमा नगर कार्यपालिकाले अनुमति दिनेछ ।

(३) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयहरुले चाहेमा कम्पनी

खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न नगरपालिका प्रमुख समक्ष निवेदन दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम निवेदन परेमा शिक्षा शाखाले सो निवेदन उपर १५ दिन भित्र आवश्यक जाँचबुझ गरी शिक्षा समितिमा राय सहित आवेदन पेश गर्ने छ र माग बमोजिम विद्यालय सञ्चालन गर्न शिक्षा समितिको सिफारिसमा नगरपालिकाले अनुमति तथा स्वीकृति दिनेछ।

(५) प्राविधिक शिक्षा तथा ब्यवसायीक तालिम परिषदद्धारा तर्जुमा गरिएको प्राविधिक तथा ब्यवसायीक माध्यमिक शिक्षा (टि-एस.इ.इ.) सञ्चालनका लागि कुनै सामुदायिक माध्यमिक विद्यालयले आवेदन गरेमा नगर शिक्षा समितिको सिफारिसमा नगरपालिका कार्यपालिकाले अनुमति प्रदान गर्न सक्नेछ ।

तर, अनुमति दिनु अघि परिषदद्धारा तोकिएको मापदण्ड जाँचबुझ र यकिन गर्ने कार्य नगर शिक्षा समितिले गर्नुपर्ने छ।

(६) उपदफा (२), (३) वा (५) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायका विद्यालयलाई

शैक्षिक गुठीको रूपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइनेछैनः-

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय र

(ख) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय ।

(७) यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहायबमोजिम गर्नुपर्नेछ :-

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टी) सङ्गठित संस्थाको रूपमा हुनुपर्ने,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तीमा पाँचजना र निजी गुठी

भए कम्तीमा तीनजना सदस्य हुनुपर्ने,

(ग) शैक्षिक गुठीको आय व्ययको लेखा तोकिएबमोजिम खडा गरी मान्यता प्राप्त लेखा परीक्षकबाट लेखापरीक्षण गराएको हुनुपर्ने,

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवनकाल मै वा शेषपछि गुठीयारको रूपमा कामगर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्नेछ ।

तर, सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा नगरपालिकाको स्वीकृति लिनु पर्नेछ।

(८) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा नगरपालिका प्रमुख समक्ष आवेदन दिनु पर्ने छ । नगर कार्यपालिकाबाट

सो को स्वीकृति लिई शैक्षिक गुठी अन्तर्गत विद्यालय स्थापना र सञ्चालन गर्न सक्नेछ ।

(९) उपदफा (८) बमोजिम सञ्चालित विद्यालयले पालना गर्नु पर्ने शर्त तथा अन्य व्यवस्था नगर शिक्षा समितिले तोकेबमोजिम हुनेछन् ।

(१०) माथि जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन।

(११) माथि जेसुकै उल्लेख भए पनि यस अघि नियमानुसार दर्ता र सञ्चालनमा रहेका विद्यालयहरु यसै ऐन वमोजिम सञ्चालन भएका मानिने छन् ।

तर, यस अघि सञ्चालनमा भएका विद्यालयले शिक्षा शाखाले तोकेको ढाँचामा विवरण र कागजपत्र पेश गर्नु पर्नेछ।

९. <u>**धरौटी राख्नु पर्नेः**</u> संस्थागत विद्यालय खोल्ने अनुमति लिंदा विद्यालय सञ्चालनको सुरक्षण बापत देहायबमोजिमको रकम धरौटीको रूपमा राख्नु पर्नेछः

(क) माध्यमिक विद्यालयको लागि दुई लाख रूपैयाँ,

(ख) आधारभूत विद्यालयको लागि एक लाख पचास हजार रूपैयाँ,

(ग) प्राथमिक विद्यालयको लागि एक लाख पचास हजार रूपैयाँ

तर, बिशेष आवश्यकता भएका विद्यार्थीका लागि वा सिमान्तकृत वा अति विकट भौगिलिक क्षेत्रमा यस्तो विद्यालय खोल्दा कार्यपालिकाले धरौटी छुट दिन सक्नेछ ।

१०. **<u>धरौटी रकम जम्मा गरिने</u>:** विद्यालयले दफा ९ बमोजिमको धरौटी बापतको रकम नगरपालिकाको धरौटी खातामा जम्मा गर्नुपर्नेछ।

११. **<u>बाल शिक्षा सञ्चालनः</u>** नगरपालिकाले कुनै विद्यालयसँग मिसाएर वा छुट्टै बाल शिक्षा केन्द्रको स्थापना र सञ्चालन गर्न र थप व्यवस्था गर्न सक्नेछ ।

१२. **<u>वाल गृहको संचालनः</u>** नगरपालिका आफैले वा कुनै व्यक्ति वा संस्थाले बाल गृह सञ्चालन गर्न पाउनेछ ।

बाल गृह सञ्चालनको लागि आवश्यक प्रक्रिया नगर शिक्षा समितिले तोकेबमोजिम हुनेछ।

१३. **सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेः** नगरपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाई समेतको काम गर्न तोकिएबमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ । यस्तो केन्द्रमा सामुदायिक पुस्तकालय र वाचनालय सञ्चालन गर्न सकिनेछ।

१४. **नगरपालिकाले विद्यालय सार्न, गाँभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्नेः** (१) नगरपालिकाले तोकिएको मापदण्ड बमोजिम हाल सञ्चालन भइरहेका ३० मिनेटको पैदल दुरीमा रहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालय बन्द गर्न सक्नेछ।

(२) प्राथमिक तहको विद्यालयमा कुल ३० जना भन्दा कम विद्यार्थी भएमा नगर शिक्षा समितिको सिफारिसमा बाल शिक्षा केन्द्र मात्र कायम राखी त्यस माथिका कक्षाहरु बन्द गर्न सक्नेछ।

(३) विद्यालयको नाम परिवर्तन गर्नुपरेमा नाम परिवर्तन गर्नुपर्ने उपयुक्त कारण सहित तोकिएको विवरण र ढाँचामा नगर शिक्षा समिति मार्फत नगरपालिकामा स्वीकृतिका लागि निवेदन पेश गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिम पेश हुने आएको निवेदन उपर नगर शिक्षा समितिको सिफारिसमा नगरपालिकाले नाम परिवर्तनको स्वीकृति दिन सक्नेछ।

(५) विद्यालयको नाम राख्दा वा परिवर्तन गर्दा कुनै व्यक्ति विशेषको नाम, धार्मिक तथा जातिगत विद्वेष झल्किने प्रकारको नाम राख्न पाइने छैन।

(६) माध्यमिक तहको हकमा कम्तिमा ५०,००,०००।— (पचास लाख रुपैया मात्र), आधारभूत तहको हकमा कम्तिमा ३०,००,०००। (तिस लाख रुपैंया मात्र) रुपैया प्रदान गरेमा व्यक्तिको नाममा विद्यालयको नाम परिवर्तन गर्न बाधा पुगेको मानिने छैन ।

१५. **आवासीय विद्यालय सञ्चालन गर्न सकिने**:- नगरपालिकाले बनाएको मापदण्ड अनुरुप आवासीय विद्यालय गर्न सकिनेछ।

## परिच्छेदः तीन

## शिक्षा सम्बन्धी संरचनागत व्यवस्था

१६. **नगर शिक्षा समिति सम्बन्धी व्यवस्थाः** (१) नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालय तथा शैक्षिक निकायहरुको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहायबमोजिमको नगर शिक्षा समिति रहनेछ;

(क) नगरपालिका प्रमुख वा निजले तोकेको कार्यपालिकाको सदस्य-संयोजक

(ख) नगर कार्यपालिकाका महिला तथा दलित समावेशी हुने गरी नगरप्रमुखले मनोनित गरेका १ जना सदस्यहरु - सदस्य

(ग) सामुदायिक विद्यालयको प्रधानाध्यापकहरु मध्येवाट

बुढीनन्दा नगरपालिका

समितिले तोकेको एक जना प्रधानध्यापक -सदस्य

(घ) संस्थागत विद्यालयहरुको प्रतिनिधिमुलक संस्था मध्येवाट प्रमुख वा संयोजकले तोकेको प्रतिनिधि एक जना- सदस्य

(ङ) समाजसेवी, शिक्षा प्रेमी, शिक्षाविद् वा चन्दादाताहरु मध्यबाट नगर शिक्षा समितिबाट मनोनित कम्तीमा एकजना महिला र दलित सहित ३ जना - सदस्य

(च) सामाजिक विकास समिति संयोजक - सदस्य

(छ) सामुदायिक बिद्यालय व्यबस्थापन समिति मध्येबाट समितीले मनोनित एक जना - सदस्य

(ज) नगरपालिका शिक्षक महाँसघ अध्यक्ष वा निजले तोकेको व्यक्ति एक जना - सदस्य



बुढीनन्दा नगरपालिका

(झ) शिक्षा अधिकृत —सदस्य सचिव

(२) समितिको बैंठक सञ्चालन प्रक्रिया, बैंठक भत्ता तथा सेवा सुविधा सम्बन्धी व्यवस्था कार्यपालिकाले तोकिएबमोजिम हुनेछ।

(३) उपदफा (१) अनुसार नियुक्त सदस्यले पदीय आचरण पूरा नगरेमा शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाले जुनसुकै समयमा पनि हटाउन सक्नेछ ।

तर, त्यसरी हटाउन वा बर्खास्त गर्नु अघि मनासिब माफिकको स्पष्टीकरणको मौकावाट वञ्चित गरिने छैन ।

१७. <u>नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार</u>ः नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ

(क) आफ्नो कार्य क्षेत्र भित्रको शैक्षिक योजना तयार गर्ने।

(ख) नगरपालिका क्षेत्रभित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति, विद्यालय सार्ने, गाँभ्ने

सम्बन्धी नगरपालिकालाई आवश्यक राय प्रदान गर्ने ।

(ग) विद्यालयहरुलाई आर्थिक अनुदान सम्बन्धी आवश्यक स्रोतको खोजी गर्ने ।

(घ) आफ्नो क्षेत्र भित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भय रहित बनाउन सहयोग गर्ने ।

(ङ) विद्यालयहरुको लेखा परीक्षकको नियुक्ति र पारीश्रमिक तोक्ने ।

(च) नगरपालिका क्षेत्रभित्र स्थापना भएका आफनो स्रोतमा सञ्चालित सामुदायिक विद्यालयहरुको शिक्षकको सेवा, सुविधा र शर्तहरु स्वीकृत गर्ने।

(छ) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र सजग बनाउने ।

(ज) शिक्षाको गुणस्तर कायम राख्ने सूचकहरु विकास गर्ने र प्रगति मूल्यांकन गर्ने

(झ) शैक्षिक गुठीसँग गर्ने सम्झौताका शर्तहरु निर्धारण गर्ने ,

(ञ) शैक्षिक संस्था र शिक्षासंग आबद्ध शिक्षक कर्मचारीहरुलाई कामको आधारमा आवश्यक प्रोत्साहन, नसियत, दण्ड, कारवाही गर्ने गराउने ।

(ट) विशेषज्ञहरुको छनौट गरेर सूची प्रकाशन गर्ने ।

(ठ) संस्थागत विद्यालय सञ्चालनको मापदण्ड बनाउने, सञ्चालनको स्विकृति र अनुमतिको लागि नगरपालिकालाई आवश्यक राय सुझाव प्रदान गर्ने।

(ड) विद्यालय गाँभ्ने, सार्ने नाम परिवर्तन गर्ने, तह थप गर्ने, नीति तर्जुमा गरी नगरपालिकामा पेस गर्ने ।

(ढ) सामुदायिक सिकाई केन्द्र स्थापना र सञ्चालन सम्बन्धी नीति तर्जुमा गर्ने।

(ण) आवश्यकता अनुसार दिवा खाजा व्यवस्थापन गर्ने।

(त) विद्यालय बाहिर रहेका बालबालिका पहिचान गरी सबैका लागि शिक्षा सुनिश्चित हुने प्रबन्ध गर्ने ।

(थ) विद्यालयमा पठनपाठनको अधिकतम् प्रबन्ध हुने गरी शैक्षिक क्यालेण्डर बनाई लागु गर्ने, गराउने ।

(द) शिक्षक तालिम नीति तर्जुमा गरी लागु गर्ने।

(ध) नगर कार्यपालिकालाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने ।

(न) शैक्षिक सूचना प्रणाली स्थापना गरी सबै विद्यार्थी, शिक्षक र शिक्षासँग सम्बन्धित तथ्याङ्कहरु राख्ने।

(ऩ) शिक्षामा सवै वालवालिकाको पहुँच, गुणस्तरमा सुधार र

संरक्षणका पक्षहरुलाई ग्यारेण्टी गर्न आवश्यक नीति, नियम तथा कार्यक्रमहरु सञ्चालन गर्ने।

(प) तोकिएबमोजिमका अन्य कार्यहरु गर्ने ।

**१८. <u>शिक्षा अधिकृत सम्बन्धी व्यवस्था</u>:** (१) नगरपालिका अन्तर्गतका शिक्षा सम्वन्धी कार्यक्रम ब्यवस्थापन गर्न र शैक्षिक प्रशासन सञ्चालन गर्न एक जना शिक्षा अधिकृत रहने छन्।

(२) शिक्षा अधिकृतको काम कर्तव्य र अधिकार निम्नानुसार हुनेछः

(क) नगर शिक्षा समितिको समन्वयमा नगर स्तरीय शिक्षा योजना तर्जुमा गरी नगर कार्यपालिकामा पेश गर्ने,

(ख) नगरपालिका तथा नगर शिक्षा समितिबाट शिक्षा तथा शैक्षिक विकासका लागि पारित नीति तथा कार्यक्रमको कार्यान्वयन

गर्ने तथा प्राप्त निर्देशन पालना गर्ने,

(ग) विद्यालय तथा शैक्षिक निकायहरुको अनुगमन तथा सुपरिवेक्षण गर्ने, गराउने,

(घ) नगर कार्यपालिका, नगर शिक्षा समिति र प्रमुख प्रशासकीय अधिकृतलाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने,

(ङ) शिक्षकहरुको कार्य सम्पादन मूल्याङ्कन गर्ने,

(च) नगरपालिका शिक्षा समितिको सदस्य सचिवको भूमिकामा निर्वाह गर्ने र

(छ) शिक्षा अधिकृतको अन्य काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

१९. **वडा शिक्षा समिति र काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्थाः** (१) वडा स्तरमा देहायबमोजिमको वडा शिक्षा समिति गठन गर्न सकिने छः

(क) सम्बन्धित वडाको वडाध्यक्ष - संयोजक

(ख) वडा समितिका सदस्यहरु मध्ये वडा समितिले तोकेको एक जना --सदस्य

(ग) विद्यालय व्यवस्थापन समितिका प्रमुखहरु मध्ये वडा समितिले तोकेको एक जना -सदस्य

(घ) माध्यमिक तह र आधारभूत तहका विद्यालयका प्रधानाध्यापक मध्येबाट नगर शिक्षा समितिले तोकेको दुई जना -सदस्य

(ङ) वडाभित्रका शिक्षाप्रेमीहरु मध्येबाट वडा समितिले तेकेको एक जना -सदस्य

(च) सम्बन्धित वडाका वडा सचिव -सदस्य सचिव

(२) वडा शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) आफ्नो वडाको शैक्षिक योजना तयार गर्ने।

(ख) आफ्नो क्षेत्र भित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने ।

(ग) विद्यालय व्यवस्थापन समितिलाई आवश्क निर्देशन दिने, जागरुक र सजग वनाउने ।

(घ) विद्यालयको लागि आवश्यक साधनस्रोत जुटाउने र परिचालन गर्ने गराउने ।

(ङ) अभिभावक र शिक्षक बीच विवाद भएमा त्यसको समाधान गर्ने ।

(च) विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने।

(छ) विद्यालय गाँभ्ने, सार्ने नाम परिवर्तन गर्ने, तह थप गर्न नगर शिक्षा समितिमा सिफारिस गर्ने।

(ज) वडाको शैक्षिक अभिबृद्धिका लागि आवश्यक कार्यहरु गर्ने।

(झ) वडा शिक्षा समितिले आफ्नो बैठक सञ्चालन तथा कार्यविधि आफैले निर्धारण गर्नेछ।

(ञ) प्रारम्भिक बालविकास केन्द्र सञ्चालन गर्न नगर शिक्षा समितिलाई सिफासि गर्ने

(ट) नगर शिक्षा समितिले तोकेबमोजिम अन्य कार्य गर्ने।

२०. **विद्यालय व्यवस्थापन समिति**: (१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

(क) समितिका सदस्यहरूले यसै दफाको खण्ड (ख) र (घ) मध्येबाट छानेको व्यक्ति - अध्यक्ष

(ख) अभिभावकले आफूहरुमध्येबाट छानी पठाएका कम्तीमा

दुईजना महिला सहित चार जना —सदस्य

(ग) विद्यालय रहेको सम्बन्धित वडाका जनप्रतिनिधिहरु मध्येबाट सो वडासमितिले मनोनयन गरेको एकजना —सदस्य १

(घ) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजीवी, चन्दादाता व्यक्तिहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको एकजना महिला सहित दुई जना -सदस्य

(ङ) स्थानीय शिक्षाप्रेमी, शिक्षाविद्हरु मध्येबाट नगर शिक्षा समिती वा नगर शिक्षा समिति अध्यक्षले तोकेको एक जना -सदस्य

(च) शिक्षकहरु मध्येबाट मनोनित गरेको एक जना -सदस्य

बुढीनन्दा नगरपालिका

(छ) दलित वा अल्पसंख्यक समुदायका अभिभावक मध्येबाट बिद्यालय ब्यबस्थापन समितिको अध्यक्षले तोकेको महिला १ जना -सदस्य

(ज) विद्यालयको प्रधानाध्यापक - सदस्य -सचिव

(२) सम्बन्धित बिद्यालयको बालक्लबाट एक जना छात्रा र एक जना छात्रलाई आमन्त्रित सदस्यको रुपमा अनिवार्य सहभागिता गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम छानिएका वा मनोनित प्रमुख वा सदस्यको पदावधी तीन वर्षको हुनेछ । त्यस्ता प्रमुख वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा नगर शिक्षा समितिको सिफारिसबाट हटाउनु अघि वा समिति विघटन गर्नु अघि आफ्नो सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन

(४) यस दफा बमोजिम विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धमा दुई पटक सम्म विवाद उत्पन्न भइ समिति गठन हुन नसकेमा नगरपालिकाले

तेस्रो पटक समिति गठनका लागि सहजीकरण गर्नेछ । यसरी तेस्रो पटक पनि बिद्यालय व्यवस्थापन समिति गठन हुन नसक्ने अवस्था सृजना भएमा नगर कार्यपालिकाको निर्णयले उपदफा (१) बमोजिमका सबै क्षेत्रको प्रतिनिधित्व हुने गरी बिद्यालय व्यवस्थापन समितिको गठन गर्न सक्नेछ।

२१. **विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः** (१) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः—

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने,

(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको

जानकारी नगरपालिकालाई दिने,

(ङ) विद्यालयमा शिक्षक, कर्मचारी र विद्यार्थीको पोशाकको कार्यान्वयन गर्ने,

(च) स्विकृत दरबन्दी अनुसारका शिक्षकहरुको खोजी गरी काममा लगाउने तथा नगरपालिकाबाट स्वीकृत दबन्दीमा कर्मचारीको व्यवस्थापन गर्ने,

(छ) नगर शिक्षा समितिबाट तोकिएको रजिष्टार्ड लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने,

(ज) लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन नगर शिक्षा समितिमा पेश गर्ने,

(झ) तोकिए बमोजिमका क्षेत्रसँग सम्बन्धित नगरपालिका र नगर शिक्षा समितिले दिएको निर्देशनहरूको पालना गर्ने,

(ञ) प्रचलित कानुन र नियम पालना नगर्ने शिक्षक कर्मचारीलाई विभागीय कारवाहीका लागि सिफारिस गर्ने,

(ट) विद्यालयको आन्तरिक श्रोतबाट खर्च व्यहोर्ने गरी नियुक्त गरेका शिक्षकको लागि सेवा, शर्त र सुबिधा तोक्ने र तोकिएबमोजिमको पारिश्रमिक तथा सुविधाको व्यवस्था गर्ने,

(ठ) विद्यालय शिक्षा एकै समयमा सञ्चालन गर्ने प्रबन्ध मिलाउने र

(ड) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

(२) विद्यालय व्यवस्थापन समितिले आफ्नो कार्यविधि आफैं बनाउन सक्नेछ ।

(३) नगर शिक्षा समितिले आवश्यक देखेमा नगरपालिकाको सहमतिमा एकभन्दा बढी विद्यालयहरुको संयुक्त विद्यालय व्यवस्थापन समिति गठन गरी व्यवस्थापन गर्न सक्ने छ।

२२. **<u>शिक्षक अविभावक संघ</u>**ः सबै विद्यालयमा शिक्षक र अविभावकहरु रहेका एक शिक्षक अबिभावक संघ रहनेछ । यस सम्बन्धी कार्यविधि नगर शिक्षा समितिले तय गरे बमोजिम हुनेछ।

## परिच्छेद -चार

## विद्यालय तहको शिक्षक तथा कर्मचारीको दरबन्दी, सेवा शर्त र योग्यता

२३. **<u>करार सेवामा शिक्षकको व्यवस्थापन गर्न सक्नेः</u>** (१) नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षक उपलब्ध नभएमा र बिद्यालयको आवश्यकतालाई मध्यनजर गरी नगरपालिकाले योग्यता पुगेका व्यक्तिहरुबाट प्रतिस्पर्धा गराई करार सेवाबाट शिक्षकको परिपूर्ति गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम नगरपालिकाले करार सेवाका लागि शिक्षक संख्या निर्धारण गर्दा

प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा राष्ट्रिय वा प्रादेशिक मापदण्ड बमोजिम विद्यार्थी तथा शिक्षक अनुपात कायम गर्नु पर्नेछ।

२४. <u>**शिक्षकको सेवा शर्त, योग्यता र सक्षमता**</u>ः शिक्षकको सेवा शर्त, योग्यता र सक्षमता सम्बन्धी व्यवस्था संघीय तथा प्रादेशिक मापदण्डको आधारमा तोकिएबमोजिम हुनेछ ।

२५. <u>**शिक्षक, बाल विकास सहजकर्ता र विद्यालय कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्था**</u>ः (१) देहायका अवस्थामा शिक्षक, बाल विकास सहजकर्ता र विद्यालय कर्मचारीलाई विद्यालयको व्यवस्थापन समितिले पदबाट हटाउन नगरपालिकामा सिफारिस गर्नेछः—

(क) बिना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा

(ख) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा

(ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(घ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा,

(ङ) शिक्षक वा कर्मचारी राजनीतिक दलको सदस्य रहेको पाइएमा वा कुनै राजनैतिक दलको पक्षमा वकालत गरेमा, साथै प्रचार प्रसार गरेको पाईएमा ।

(च) निजले अध्यापन गरेको बिषयमा तीन बर्षको औषत शैक्षिक उपलब्धी ४० प्रतिशत भन्दा कम भएमा ।

(२) उपदफा (१) बमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने यथेष्ट प्रमाण प्राप्त भएमा नगर

कार्यपालिकाको निर्णयले निजलाई पदबाट हटाउन सक्नेछ ।

तर, कार्यरत पदबाट हटाउनु अघि मनासिब माफिकको स्पष्टीकरणको मौका भने प्रदान गरिने छ ।

## परिच्छेद- पाँच

## <u>शिक्षक तथा विद्यालय कर्मचारीको नियुक्ति, सरुवा, बढुवा, तालिम</u>

२६. **<u>शिक्षकको नियुक्ति</u>**ः (१) विद्यालयमा कायम भएको रिक्त दरबन्दी शिक्षक पदमा करार नियुक्तिको व्यवस्था देहायबमोजिमको छनौट समितिबाट हुनेछः

(क) सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष - संयोजक

(ख) बिषयगत रोष्टर मध्येबाट नगर शिक्षा समितिको अध्यक्षले तोकेको विषय विज्ञ एक जना - सदस्य

(ग) नगर शिक्षा समितीले शिक्षा विकास तथा समन्वय इकाईमा

सूचिकृत शिक्षक मध्ये छनोट गरिएको बिषयगत रोष्टर एक जना -सदस्य

(घ) नगरपालिकाको शिक्षा अधिकृत वा नगर शिक्षा समितीले तोकेको शिक्षा सेवाको कर्मचारी सो नभए नगरपालिकाको अधिकृत स्तरको शिक्षा समितिको अध्यक्षले तोकेको कर्मचारी -सदस्य

(ङ) सम्बन्धित विद्यालयको प्रधानाध्यापक -सदस्य सचिव

(२) समितिको आफ्नो कार्यविधि नगर शिक्षा समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) कक्षागत बिषयगत र बिद्यार्थी अनुपातका आधारमा नगरपालिकाको आन्तरिक स्रोतबाट सेवा सुविधा भुक्तानी हुने गरी नगर शिक्षकको पदपुर्ति गर्न सकिनेछ ।

२७. **<u>प्रधानाध्यापक सम्बन्धी व्यवस्था</u>**: (१) सामुदायिक विद्यालयमा एक प्रधानाध्यापक रहनेछ ।

(२) प्रधानाध्यापकको नियुक्ति व्यवस्था देहायबमोजिम हुनेछ;

(क) माध्यमिक तहमा प्रधानाध्यापक हुन स्नातकोत्तर उपाधि प्राप्त सम्बन्धित तहको स्थायी शिक्षक हुनु पर्नेछ । सो नभएमा स्नातकोत्तर योग्यता प्राप्त शिक्षक मध्येबाट विद्यालय व्यवस्थापन समितिको सिफारिसमा नगर शिक्षा समितिबाट प्रधानाध्यापक नियुक्ति गरिनेछ।

तर, माथि उल्लेख गरिए बमोजिमको अनुकुल नभएमा कुनै स्थायी वा राहत वा करार वा स्वंयम सेवक शिक्षकलाई विद्यालय व्यवस्थापन समितिको सिफारिसमा शिक्षा समितिले प्रधानाध्यापक नियूक्त गर्न सक्नेछ ।

(ख) आधारभूत तहमा प्रधानाध्यापक हुन स्नातक उपाधि प्राप्त सम्बन्धित तहको स्थायी शिक्षक हुनु पर्नेछ । सो नभएमा स्नातक योग्यता प्राप्त शिक्षक मध्येबाट विद्यालय व्यवस्थापन समितिको सिफारिसमा नगरपालिका शिक्षा समितिबाट प्रधानाध्यापक नियुक्ति गरिनेछ। तर, माथि उल्लेख गरिए बमोजिमको अनुकुल नभएमा कुनै कक्षा १२ वा प्रविणता प्रमाण पत्र तहको योग्यता प्राप्त स्थायी वा राहत वा करार वा स्वंयम सेवक शिक्षकलाई विद्यालय व्यवस्थापन समितिको सिफारिसमा नगर शिक्षा समितिले प्रधानाध्यापक नियूक्त गर्न सक्नेछ ।

(ग) प्रधानाध्यापकको नियुक्ति हुनु पूर्व तिन बर्षे विद्यालय सूधारको

कार्ययोजना विद्यालय व्यवस्थापन समिति समक्ष पेस गर्नु पर्नेछ।

(घ) प्रधानाध्यापकको सेवा अवधि ५ बर्षको हुनेछ ।

(ङ) विद्यालयको व्यवस्थापकीय नेतृत्व तथा शैक्षिक प्राविधिक नेतृत्व गरी विद्यालयको बृहत्तर हित गर्नु प्रधानाध्यापकको कर्तव्य हुनेछ ।

(च) निजले पेस गरेको कार्ययोजना बमोजिम कार्य गरेको नपाईएमा नगर शिक्षा समितिले निजलाइ हटाउन सक्नेछ तर एक पटक स्पष्टीकरणको मौका दिइनेछ।

२८. **<u>शिक्षकको सरुवाः</u>** (१) स्थायी शिक्षकको हकमा निजले कुनै एक विद्यालयमा आवश्यकता अनुसार सेवा गरे पश्चात अर्को विद्यालयमा सरुवा गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम शिक्षकको सरुवा गर्दा अर्को विद्यालयको छनौट सम्वन्धित शिक्षकको रोजाई र प्राथमिकतामा हुनेछ, सो अनुकुल नभएमा

शिक्षा समितिको सिफारिसमा नगरपालिका भरी शिक्षा शाखाले शिक्षक सरुवा गर्नेछ।

तर, सो विद्यालयमा आफ्नो विषयको दरवन्दी खाली हुनुपर्ने छ।

(३) न्यूनतम् २ वर्ष एकै विद्यालयमा अध्यापन गरेका स्थायी शिक्षकले अर्को विद्यालयमा सरुवा हुन चाहेमा नगर शिक्षा समितिमा सरुवाका लागि निवेदन दिन सक्नेछन्।

(४) उपदफा (३) बमोजिम प्राप्त निवेदनका आधारमा नगर शिक्षा समितिले आफ्नो क्षेत्र भित्रका दरवन्दी उपलब्ध भएका र सम्वन्धित विद्यालय ब्यवस्थापन समितिले सहमति प्रदान गरेको विद्यालयमा सरुवा गर्न सक्नेछ ।

(५) अन्तर जिल्ला वा अन्तरपालिका शिक्षकको सरुवा संघीय शिक्षा ऐन अनुसार हुनेछ ।

(६) विशेष अवस्थामा बाहेक शिक्षकको सरुवा शैक्षिक सत्रको सुरु वा अन्त्यमा मात्र गरिनेछ।

**<u>स्पष्टीकरणः</u> विशेष अवस्था** भन्नाले निज सो विद्यालयमा रहन नसक्ने, विषयगत दरवन्दी आवश्यक नरहेको,

स्वास्थ्य समस्या, पतिपत्नी संगै रही सेवा गर्न पाउने अवस्था वा अन्य चित्तबुझ्दो कारण समेत बुझिनेछ ।

२९. **दरबन्दी मिलान**ः (१) नगर शिक्षा समितिले विद्यालयमा तहगत, कक्षागत तथा विषयगत र शिक्षक विद्यार्थी अनुपातका आधारमा बढी दरबन्दी भएको विद्यालयबाट कम दरबन्दी भएको विद्यालयमा दरबन्दी मिलानका लागि कार्यपालिका समक्ष सिफारिस गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम दरबन्दी मिलान गर्दा दरबन्दी अनुसार शिक्षक नभएका वा शिक्षक कम भएका विद्यालय तथा पिछडिएका र ग्रामीण क्षेत्रलाई प्राथमिकता दिइनेछ ।

(३) नगर शिक्षक पदपुर्ति सेवा सुविधा र सरुवा नगर शिक्षक कार्यबिधी बमोजिम हुनेछ ।

(४) नगर शिक्षा समितिले तहगत कक्षागत बिषयगत र शिक्षक बिद्यार्थी अनुपातको आधारमा नगरपालिकाले आफ्नो स्रोतमा नगर शिक्षकको दरबन्दी सृजना र खारेजी गरी नगर कार्यापालीकामा सिफारिस गर्न सक्नेछ ।

३०. **शिक्षकको बढुवा सम्बन्धी व्यवस्था**ः हाल स्थायी रुपमा सेवारत शिक्षकको बढुवा सम्बन्धी व्यवस्था नेपाल सरकारबाट लागू भएको संघीय कानुन बमोजिम हुनेछ,

तर, नगरपालिकाबाट नियुक्ति पाएका करार शिक्षकहरुको बढुवा हुनेछैन् ।

३१. **शिक्षकलाई अन्य काममा लगाउन नहुने**ः (१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, दैवी प्रकोप उद्धार वा नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाले तोकेको शिक्षा प्रशासन सम्बन्धी अन्य कुनै काममा खटाउन सकिनेछ ।

३२. **कार्यसम्पादन करार सम्झौता गर्न सकिने**ः (१) शिक्षालाई प्रभावकारी बनाउन देहायअनुसार कार्यसम्पादन करार सम्झौंताको प्रक्रिया अवलम्बन गर्न सकिनेछ।

(२) नगरपालिका प्रमुखको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले शिक्षा शाखा हेर्ने अधिकृतसँग, शिक्षा अधिकृतले सबै विद्यालयका प्रधानाध्यापकसँग, प्रधानाध्यापकले आफ्ना मातहतका सबै शिक्षकहरुसँग कार्य सम्पादन करार सम्झौता गर्नु पर्नेछ।

(३) कार्य सम्पादन करार सम्झौता १ वर्षको हुने छ । करार सम्झौता अनुसार काम भए नभएको मूल्यांकन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा शिक्षा अधिकृतको समन्वयमा तयार गरी कार्यपालिका समक्ष पेश गर्नुपर्ने छ।

(४) वार्षिक कार्यसम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य नगर शिक्षा समितिले तयार पारी नगर कार्यपालिकामा पेश गर्नु पर्नेछ।

३३. <u>कार्यसम्पादन मूल्यांकन र सजाय तथा पुरस्कार</u>: (१) कार्यसम्पादन करार भएका शिक्षक तथा कर्मचारीहरुको कार्यसम्पादन क्षमताको आधारमा मूल्याङ्कन गरी कार्यसम्पादनमा राम्रो नतिजा हासिल गर्ने शिक्षक तथा कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गर्ने शिक्षक कर्मचारीलाई दण्डित गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(२) कार्यसम्पादन करारका सूचकहरु तयार गर्दा शिक्षकको सृजनशिलता, परिवर्तनशीलताको विकास हुने प्रकारका सूचकहरु निर्धारण गर्नु पर्नेछ।

(३) कार्यसम्पादन सम्झौंताको मूल्याङ्कन, पुरस्कार र सजाय नगर कार्यपालिकाले तोकेबमोजिम हुनेछ।

## परिच्छेद -छ

## सामुदायिक विद्यालयको भौतिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन

३४. **विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड निर्धारणः** (१) विद्यालयमा विद्यार्थी संख्या अनुसार कक्षा कोठा, खेल मैदान, कम्पाउण्ड, घेराबार, बालमैत्री बसाइ व्यवस्था, वातावरण मैत्री हाता, करेसाबारी, फूलबारी, स्वच्छ पिउने पानी, छात्र छात्राका लागि अलग अलग शौचालय तथा सिकाइमैत्री वातावरण हुनु पर्नेछ।

(२) विद्यालयको स्तरअनुसार भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड तोकिएबमोजिम हुनेछ ।

(३) प्राविधिक तथा व्यवसायिक शिक्षा प्रदान गर्ने विद्यालय तथा विज्ञान मूल विषय पठनपाठन हुने विद्यालयमा प्रयोगशाला तथा प्रयोगात्मक अभ्यासको थप सुविधा हुनु पर्नेछ ।

**३५.** **<u>विद्यालयको सम्पत्तिः</u>** (१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ।

(२) यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति नगरपालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा प्रचलित कानुन बमोजिम बेचबिखन गरी प्राप्त भएको रकम सम्बन्धित नगरपालिका शिक्षा कोषमा जम्मा गर्न सक्नेछ।

(३) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ ।

(४) कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(५) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

(६) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नगरपालिकाको अनुमति लिनु पर्नेछ।

३६. **सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापनः** (१) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व सो विद्यालयकै नाममा रहने छ।

(२) विद्यालय बन्द, खारेज वा अन्यत्र गाभिई विद्यालयको काममा प्रयोग नहुने भएमा नगरपालिकाले कानुन बमोजिम भोगचलन गर्न सक्नेछ ।

(३) विद्यालयको सम्पत्तिको अभिलेख दुरुस्त राख्ने, संरक्षण तथा व्यवस्थापन गर्ने दायित्व सो विद्यालयको व्यवस्थापन समितिको रहने छ।

(४) सामुदायिक विद्यालयको जग्गाको संरक्षण र व्यवस्थापन गर्ने कर्तव्य नगरपालिका र नेपाल सरकारको रहने छ।

३७. **विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तकः** (१) विद्यालयले नेपाल सरकारले तोकेको न्यूनतम् मापदण्ड अनुरुप सिकाइ उपलब्धी हासिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ।

(२) विद्यालयले नेपाल सरकारले तोकेको मापदण्ड भित्र रही प्रादेशिक तथा स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्न सक्नेछ।

(३) विद्यालयलाई आवश्यक पर्ने पाठ्यपुस्तकहरुको संख्या सम्बन्धित विद्यालयले तोकिएको समय सीमाभित्र नगर शिक्षा समितिमा माग गर्नुपर्नेछ।

(४) नगर शिक्षा समितिले शैक्षिक सत्र शुरु हुनु अगावै सम्बन्धित निकायहरुमा समन्वय गरी पाठ्यपुस्तकको प्रबन्ध गर्नेछ।

(५) आधारभूत तहसम्मको शिक्षाका लागि स्थानीय आवश्यकतामा आधारित बढीमा १०० पूर्णाङ्क वा ४ क्रेडिट आवर बराबरको स्थानीय थप विषयको स्थानीय पाठ्यक्रम प्रयोगमा ल्याउन सक्नेछ । यसको लागि पाठ्यपुस्तक विद्यालय व्यवस्थापन समितिले निर्णय गरी लागु गर्न सक्ने छ।

(६) हरेक विद्यालयमा शैक्षिक स्तरको न्यूनतम मापदण्ड तोकी शिक्षक विद्यार्थी सहकार्यमा आधारित पाठ्यसामग्री, थप स्वाध्ययन सामग्री, पुस्तकालय, मनोविमर्श, अभिभावक शिक्षाको प्रवन्ध हुनु पर्नेछ।

३८. <u>अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन</u>ः (१) विद्यालयले पाठ्यक्रममा आधारित सिकाइमा सहजता ल्याउन अतिरिक्त शैक्षिक क्रियाकलापहरु बालक्लव, तथा वातावरण मैत्री क्लबहरु गठन, परियोजना कार्य, अध्ययन भ्रमण, पोषण शिक्षा, खेलकुद प्रतियोगिता, साहित्यिक तथा बहु प्रतिभामुखी क्रियाकलापहरु सञ्चालन गर्न सक्नेछ ।

(२) बिद्यार्थीको शारिरीक तथा मानसिक स्वस्थताका लागि प्रत्येक बिद्यालयमा योग सम्बन्धी कक्षा सञ्चालन गर्नु पर्नेछ ।

(३) प्रत्येक बिद्यालयमा नेपाल रेडक्रस सोसाईटी, नेपाल स्काउट, बालक्लबको गठन तथा परिचालन जस्ता नेतृत्व र संगठनात्मक क्षमता विकासका क्रियाकलापहरु सञ्चालन गर्नु पर्नेछ ।

(४) आवश्यकताका आधारमा नगरपालिका क्षेत्रका बिद्यालयमा उपचारात्मक कक्षा तथा अतिरिक्ता कक्षा सञ्चालन गर्न सकिनेछ ।

(५) बिद्यालयमा खेलकुद, साँस्कृतिक कार्यक्रम जस्ता अतिरिक्त क्रियाकलाप गर्न नगरपालिकाले प्रशिक्षक नियुक्त गरी परिचालन गर्न सक्नेछ ।

## परिच्छेदः सात

## संस्थागत विद्यालयको अनुमति, मापदण्ड निर्धारण, अनुगमन, मूल्याङ्कन र नियमन सम्बन्धी व्यवस्था

३९. **अनुमति र स्विकृति लिनु पर्नेः** संस्थागत विद्यालय सञ्चालन गर्न तोकिएबमोजिम नगरपालिकाबाट अनुमति र स्विकृति लिनु पर्नेछ ।

४०. **संस्थागत विद्यालयको व्यवस्थापन समितिः** (१) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः—

(क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरू मध्येबाट

सम्बन्धित विद्यालयको सिफारिसमा नगरपालिकाबाट मनोनित - प्रमुख

(ख) अभिभावकहरू मध्येबाट कम्तीमा एक जना महिला पर्ने गरी विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको दुई जना-सदस्य

(ग) स्थानीय शिक्षा प्रेमी वा समाजसेवीहरू मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको एकजना -सदस्य

(घ) सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षक -सदस्य

(ङ) सम्बन्धित विद्यालयका शिक्षकहरूले आफूहरू मध्येबाट छानी पठाएको एकजना -सदस्य

(च) विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

बुढीनन्दा नगरपालिका

(२) उपदफा (१) को (क) (ख) र (ग) बमोजिम छानिएका वा मनोनित प्रमुख वा सदस्यको पदावधि तीन वर्षको हुनेछ।

४१. **<u>संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः</u>** (१) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

(ग) विद्यालयको चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(घ) नेपाल सरकार र नगरपालिकाले तोकेबमोजिमको पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू गर्ने गराउने,

बुढीनन्दा नगरपालिका

(क) प्रचलित कानुन बमोजिम योग्यता पूरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने,

(ङ) शिक्षक तथा कर्मचारीको न्यूनतम् तलब, सेवा सुविधा तोक्ने,

(च) अनुशासनहीन शिक्षक उपर कारबाही गर्ने र

(ख) कानुनमा उल्लेखित व्यवस्थाका अतिरिक्त नगरपालिकावाट जारी शिक्षा क्षेत्रसँग सम्बन्धित सवै नीति, नियम, तथा निर्देशनहरूको पालना गर्ने ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४२. **संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्नेः** (१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिएबमोजिम आर्थिक रुपमा विपन्न, अपाङ्गता

भएकाहरु, महिला, दलित विद्यार्थीहरुलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ।

(२) छात्रवृत्ति वितरणको यथार्थ जानकारी सम्वन्धित वडा समिति र नगरपालिका शिक्षा शाखा समक्ष बुझाउनु पर्ने छ।

(३) छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको छनौटको लागि आधार, शर्त र प्रक्रिया विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई सार्वजनिक समेत गर्नु पर्नेछ र समितिले छात्रवृत्तिको लागि छनौटको नतिजा आधार सहित सार्वजनिक गर्नु पर्नेछ।

४३. <u>**शिक्षकको न्यूनतम पारिश्रमिक र पूर्वाधारको मापदण्ड तोक्ने**</u>: नगर शिक्षा समितिले संस्थागत विद्यालयका शिक्षकहरुको न्यूनतम् पारिश्रमिक र न्यूनतम पूर्वाधारको मापदण्ड तोक्न सक्नेछ।

४४. <u>**अनुगमन तथा मूल्याङ्कन**</u>: (१) संस्थागत विद्यालयको गुणस्तर कायम राख्न नगरपालिका वा नगर शिक्षा समितिले जुनसुकै समयमा अनुगमन गर्न, निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त निर्देशन कार्यान्वयन गर्नु संस्थागत विद्यालयको अनिवार्य दायित्व हुनेछ।

४५. **अनुमति वा स्वीकृति रद्द गर्नेः** (१) कुनै संस्थागत विद्यालयले कानुन र नियम विपरीत कुनै काम गरेमा नगरपालिकाले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति रद्द गर्न सक्नेछ।

(२) अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

## परिच्छेदः आठ

## परीक्षा सञ्चालन तथा गुणस्तर मापन

४६. **परीक्षा सञ्चालन तथा समन्वय समितिः** (१) नगरपालिका क्षेत्रभित्र पर्ने विद्यालयहरुमा परीक्षा सञ्चालन तथा समन्वयको लागि देहायको एक परीक्षा सञ्चालन तथा समन्वय समिति रहनेछ।

(क) नगर शिक्षा समितिको प्रमुख वा निजले तोकेको व्यक्ति - प्रमुख\

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधी -सदस्य

(घ) प्रमुख, नगर क्षेत्रमा रहेको प्रहरी कार्यालय -सदस्य

(ङ) सामुदायिक विद्यालयबाट प्रतिनिधित्व रहने गरी एक जना शिक्षक -सदस्य

(च) शिक्षा अधिकृत- सदस्य सचिव

(२) परीक्षा सञ्चालन तथा समन्वय समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) स्थानीय तहको क्षेत्रधिकार बाहिरको शैक्षिक तहको परीक्षा सञ्चालन गर्न सम्वन्धित निकायवाट भएको व्यवस्था बमोजिम समितिले सहजीकरण र समन्वय गर्नेछ ।

(४) कक्षा ५ र कक्षा ८ को परीक्षा सञ्चालन कार्यपालिकाबाट स्वीकृत मापदण्ड बमोजिम समितिले गर्नेछ । यसका लागि सम्बन्धीत कक्षाका

विद्यार्थीहरुबाट परीक्षामा लाग्ने खर्च प्राप्त गर्न परिक्षा शुल्क लिन सक्ने छ।

(५) उपदफा (३) र (४) बाहेकको कक्षाहरुको परीक्षा विद्यालय व्यवस्थापन समितिको निर्देशनमा प्रधानाध्यापकले गर्ने छ।

## परिच्छेदः नौ

## विद्यालयलाई दिइने अनुदान, लेखा व्यवस्थापन र शुल्क नियमन

४७. **विद्यालय कोषः** प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहाय वमोजिमका स्रोतवाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछः—

(क) नेपाल सरकार, प्रादेशिक सरकार र नगरपालिकाबाट प्राप्त अनुदान,

(ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम र

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

४८. **<u>अनुदानको व्यवस्था</u>**ः (१) यो ऐन प्रारम्भ हुँदाका बखत दिँदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको सूत्रको आधारमा नगरपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ।

(२) कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिंइदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न सकिनेछ ।

(३) सामुदायिक विद्यालयहरुलाई तोकिएबमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ ।

(४) नगरपालिकाले प्रारम्भिक बाल विकास केन्द्रलाई तोकिए बमोजिमको अनुदान दिन सक्नेछ।

(५) नगरपालिकाबाट स्वीकृत आवासीय विद्यालयको शीर्षकमा दिदै आएको अनुदान रकम कटौती नहुने गरी तोकिएको सुत्र को आधारमा अनुदान उपलब्ध गर्न सक्नेछ ।

४९. **<u>बजेट तयार गर्ने</u>**ः प्रधानाध्यापकले प्रत्येक वर्षको मसान्तभित्र आगामी वर्षको बजेट तयार गरी व्यवस्थापन समितिबाट स्वीकृत गराई त्यसको एक प्रति शिक्षा शाखामा समयमा पठाउनु पर्नेछ ।

**५०. <u>लेखा व्यवस्थापनः</u>** (१) सबै विद्यालयहरुले प्रचलित कानुन अनुसारको ढाँचामा आय व्यायको लेखा व्यवस्थापन गर्नुपर्ने छ।

(२) नियमित कारोबारको लेखा राख्न बेग्लै ब्यवस्था गरी कुनै कर्मचारी वा शिक्षकलाई जिम्मेवारी दिनु पर्नेछ।

**५१. <u>सामुदायिक विद्यालयको खाता संचालनः</u>** (१) विद्यालयले आर्थिक कारोबार गर्दा बैंक मार्फत गर्नुपर्नेछ।

(२) विद्यालयको खाता सञ्चालन प्रधानाध्यापक र लेखा हेर्ने कर्मचारीको संयुक्त दस्तखतबाट सञ्चालन गर्नुपर्नेछ।

**५२. <u>लेखा परीक्षण तथा सामाजिक परीक्षणः</u>** (१) सबै विद्यालयहरुले नियमित रुपमा आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिक भित्र नगर शिक्षा समितिले तोकेको रजिष्ट्राड लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्नेछ।

(२) लेखा परीक्षण प्रतिवेदन लेखा परीक्षण समाप्त भएको १५ दिन भित्र नगर शिक्षा समिति मार्फत नगरपालिकामा पेश गर्नुपर्नेछ।

(३) प्रत्येक बर्ष विद्यालयले सामाजिक परीक्षण गरी विद्यालयको आयव्यय, शैक्षिक उपलब्धी, विद्यालयको आन्तरिक गतिविधि, पारदर्शिता तथा जवाफदेहिताको अवस्था र आगामी कार्ययोजना सामाजिक परीक्षण मार्फत सार्वजनिक तथा अनुमोदन गर्नु पर्नेछ।

(४) विद्यालयले हरेक त्रैमासिक परीक्षाको नतिजा सहित विद्यार्थीको शैक्षिक प्रगति प्रतिवेदन अभिभावक समक्ष पेस गरी पृष्ठ पोषण लिनु पर्नेछ।

**५३. छात्रवृतिको व्यवस्था गर्न सक्ने**: नगरपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीलाई शिक्षा विकास कोषबाट तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

**५४. शुल्क सम्बन्धी व्यवस्था**: (१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(२) निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने

विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ।

(३) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एक पटक भर्ना शुल्क लिइसकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(४) विद्यालयले भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(५) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क तोकिएको अधिकारीबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ । त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिँदा विद्यालयले उपलब्ध गराएको सुविधाहरुलाई आधार लिइने छ ।

(६) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ । यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले एक लाख रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

**५५. <u>विद्यालयलाई छुट र सुविधाः</u>** (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले तोकिएको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिएबमोजिम हुनेछ।

## परिच्छेदः दश

## <u>विविध</u>

**५६. <u>प्राविधिक तथा व्यवसायिक शिक्षा अध्यापन गराउन सकिनेः</u>** (१) नगरपालिका क्षेत्रमा सञ्चालित सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यवसायिक शिक्षाका निर्धारित विषय अध्यापन गराउन सकिने छ।

(२) उपदफा (१) बमोजिमको विद्यालयको सञ्चालनका लागि नगरपालिकाले सम्भाव्यता अध्ययन, गरी विद्यालयलाई थप सुविधा प्रदान र आवश्यक स्रोत पहिचान र परिचालन गर्न सक्नेछ।

५७. <u>**नगरपालिकाले निर्देशन दिन सक्ने**</u>ः (१) नगरपालिकाले तोकिएको क्षेत्रसँग सम्बन्धित आवश्यक निर्देशनहरु विद्यालय व्यवस्थापन समितिलाई दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

५८. <u>**शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्स सञ्चालन**</u>ः (१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा जस्ता शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षाको अनुमति लिने सम्बन्धी व्यवस्था नगर शिक्षा समितिले तोके बमोजिम हुनेछ ।

५९. **प्रगति विवरण बुझाउनु पर्नेः** संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण नगरपालिका कार्यालयमा बुझाउनु पर्नेछ ।

६०. **शिक्षक वा विद्यालयका कर्मचारीले निजी विद्यालयमा लगानी गर्न नपाउनेः** विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीले कुनै निजी विद्यालय सञ्चालन गर्न, लगानी गर्न वा व्यवस्थापन सम्बन्धी कुनै कार्य गर्न पाउने छैन ।

६१. **स्थानीय शिक्षा विकास कोष:** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र बसोवास गर्ने अति विपन्न, प्राकृतिक प्रकोप पीडित, अशक्त र असहाय बालबालिकाको शैक्षिक अवसर बृद्धि गर्न तथा उत्कृष्ट विद्यार्थी, शिक्षक, कर्मचारी वा शिक्षा प्रेमीलाई पुरस्कृत गर्न शिक्षा विकास कोष स्थापना हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायबमोजिमका रकम रहन सक्नेछः

(क) नेपाल सरकार, प्रादेशिक सरकार र नगरपालिकाबाट प्राप्त अनुदान,

(ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम, र

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) कोषको सञ्चालन नगरपालिकाको प्रमुख, शिक्षा हेर्ने कार्यपालिका सदस्य र शिक्षा अधिकृतरहेको तीन सदस्यीय समितिबाट हुनेछ।

६२. **दण्ड सजायः** (१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारी वा न्यायिक समितिले बिगो असूल गरी विगो बमोजिम जरिवाना गर्न सक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुर्याएमा त्यस्तो व्यक्तिलाई कसूरको मात्रा हेरी कानुनले तोकेवमोजिम सजाय हुनेछः—

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

(च) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा ।

(छ) कानुन विपरीतको अन्य कार्य गरेमा ।

(३) विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर जिल्ला अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि मुद्दाको टुङ्गो नलागेसम्म निलम्बन हुनेछ । सो शिक्षक वा कर्मचारी अदालतबाट कसूरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम सजाय गरिनेछ ।

६३. **पुनरावेदनः** तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानुन बमोजिम पुनरावेदन लाग्नेछ ।

६४. **यो ऐन लागु हुनेः** सार्वजनिक शैक्षिक गुठी तथा नेपाल सरकारले अनुदान दिने निजामती, सैनिक, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र सहिद प्रतिष्ठानद्वारा सञ्चालित विद्यालयहरुले समेत पाठ्यक्रम, परीक्षा, अनुगमन संयन्त्र र शैक्षिक क्यालेन्डर यसै ऐन बमोजिम पालना गर्नुपर्ने छ।

६५. **नियम बनाउने अधिकारः** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) यस ऐनको कार्यान्वयनको लागि नगर शिक्षा समितिले आवश्यक कार्यविधि तथा निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

६६. **<u>संक्रमणकालीन व्यवस्था</u>**: (१) यस ऐनले तोकिएबमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदा सम्म नगर कार्यपालिकाले गर्न सक्नेछ ।

(२) यो ऐन जारी भए पछि विद्यालयमा रिक्त रहेको दरबन्दीमा विज्ञापनको अनुमति नगर कार्यपालिकाले दिन सक्नेछ ।

६७. **<u>बाधा अडकाउ फुकाउने अधिकारः</u>** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा नगरपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी सक्नेछ ।

तर, यस्तो आदेश नगर कार्यपालिकाले एक वर्ष भित्र सभाबाट अनुमोदन नगरेमा स्वत निष्कृय हुनेछ।

६८. **<u>बचाउ र लागू नहुने</u>**: यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम नेपाल कानुन बमोजिम यस अघी भएका कार्यहरु यसै

ऐन बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

**आज्ञाले**
**ओमजङ्ग शाही**
**नि. प्रमुख प्रशासकीय अधिकृत**

बुढीनन्दा नगरपालिका